# नेपालको कृषि

# र

# विश्व व्यापार संगठन

**कृषि सूचना तथा संचार केन्द्र**

श्रावण २०६१

# नेपालको कृषि र विश्व व्यापार संगठन

डा. कृष्ण प्रसाद पन्त*

## १. बिषय प्रवेश

नेपाल विश्व व्यापार संगठन (World Trade Organisation, WTO) मा प्रवेश गरि सकेको छ । विश्व व्यापार संगठनको सदस्य भै सकेपछि यसवाट नेपालको कृषि व्यवसायमा के कस्ता असरहरु पर्दछन् साथै नेपालका लागि उपलब्ध हुन सक्ने अवसरहरु र ती अवसरहरुबाट नेपाली कृषक तथा कृषि व्यवसायीहरुले लिन सक्ने फाइदाहरु वारेमा जानकारी पुऱ्याउने उद्देश्यले यो पुस्तिका प्रकाशित गरिएको छ ।

नेपालले विगत १०-१२ वर्षदेखि नै बजार अर्थतन्त्रमा आधारित आर्थिक नीतिहरु लागू गरेकोले हाल WTO मा प्रवेश गर्दैमा धेरै ठूला परिवर्तनहरु भै हाल्ने त हैनन् तर यसवाट केही चुनौतीहरु थपिएका छन् भने थुप्रै अवसरहरु पनि प्राप्त हुने भएका छन् । त्यसैले आउन सक्ने चुनौतीहरुको सामना गर्न र प्राप्त हुने अवसरहरुलाई सदुपयोग गर्न हामीले धेरै आवश्यक सुधारहरु गर्नु परेको छ । साथै हाम्रा कृषकहरु र कृषि व्यवसायीहरु धेरै चनाखो हुनु आवश्यक पनि छ ।

## २. विश्व ब्यापार संगठनमा नेपालको प्रवेश

बि.स. २०६१ वैशाख ११ गतेदेखि नेपाल विधिवत् WTO को सदस्य भएको छ । हामी विश्व व्यापार संगठनको सदस्य नभए तापनि हामीले आयात गर्ने र निर्यात गर्ने राष्ट्रहरु त्यसको सदस्य भै सकेकोले हामीले विश्व व्यापार संगठनको नियमहरु अप्रत्यक्ष रुपमा मान्नै पर्ने भएको थियो । हामी सदस्य भैसकेपछि अब अन्य राष्ट्रहरुसंग वार्ता गरेर केही सहुलियत पनि लिन सक्छौं । कृषि क्षेत्रमा आवश्यक सुधार गर्नको लागि प्राविधिक सहयोगको आवश्यकता भएकोले त्यसको लागि पहल भै रहेको छ ।

विश्वभरमा हुने सम्पूर्ण वस्तु र सेवाहरुको व्यापारलाई पारदर्शी बनाउनको लागि २०५१ सालमा WTO को स्थापना गरिएको थियो । यसमा शुरुमा १२४ राष्ट्र र युरोपियन युनियन सदस्य रहेकोमा हाल यसका सदस्य संख्या नेपाल समेत गरि जम्मा १४७ पुगि सकेका छन् ।

---

* बरिष्ठ कृषि अर्थ विज्ञ, कृ. व्य. प्र. तथा त. म., विश्व व्यापार संगठन शाखा,  कृषि तथा सहकारी मन्त्रालय ।

विश्व भरिका जम्मा ४८ अल्प विकसित राष्ट्रहरु मध्ये ३० राष्ट्रहरु सदस्य बनी सकेका छन् भने कम्बोडिया प्रवेश गर्ने अन्तिम चरणमा रहेकोछ । अन्य २४ राष्ट्रहरु यसका सदस्य बन्ने क्रममा छन् । सदस्यता लिन बाँकी रहेका राष्ट्रहरु मध्ये ३४ राष्ट्रहरु पर्यवेक्षकको रुपमा विश्व व्यापार संगठनको बैठकहरुमा भाग लिने गरेका छन् । भुटान बाहेक यस क्षेत्रका अन्य राष्ट्रहरु जस्तै भारत, वंगलादेश, पाकिस्तान, चीन आदिले सदस्यता लिइ सकेका छन् भने भुटानले सदस्यता लिने प्रयास गरिरहेको छ ।

## ३ विश्व व्यापार संगठनको उद्देश्य

विश्व व्यापार संगठनको उद्देश्य भनेको वस्तु र सेवाको उत्पादक र व्यापारीलाई सहयोग गर्नु हो । यसले विश्वभरिको आर्थिक अवस्था मजवुत पार्ने र व्यापार, लगानी, रोजगारी र आयको बृद्धि गर्ने उद्देश्य लिएको छ ।

**विश्व व्यापार संगठनको उद्देश्यहरु**

- अन्तराष्ट्रिय ब्यापार सम्बन्धि नियमहरुलाई पारदर्शी बनाउने
- वस्तु र सेवाको उत्पादक र व्यापारीलाई सहयोग गर्ने
- विश्वभरिको आर्थिक अवस्था मजवुत पार्ने र व्यापार, लगानी, रोजगारी र आयको वृद्धि गर्ने

विश्व व्यापार संगठनको कार्यक्षेत्रमा वस्तु, सेवा तथा बौद्धिक सम्पत्तिको व्यापारलाई समेटिएको छ । वस्तुको व्यापारमा कृषि वस्तु, औषधी, लत्ताकपडा, औद्योगिक वस्तुको गुणस्तर, खाद्य वस्तुको सरसफाई (Sanitary and phytosanitary, SPS) आदिको अलग अलग सम्झौताहरु विश्व व्यापार संगठनको बहुपक्षिय सम्झौताभित्र परेका छन् भने सरकारी खरिद जस्ता केहि सम्झौताहरु अनेकपक्षिय छन् । बहुपक्षिय सम्झौता सबै सदस्यहरुलाई अनिवार्य लागु हुन्छ भने अनेकपक्षिय संझौताहरु ऐक्षिक हुन्छन् । वैंक, विमा, संचार, लेखा, आदि सेवा व्यापार भित्र पर्दछन् । वैाद्धिक सम्पत्ति (Trade Related Aspects of Intellectual Property Rights, TRIPS) लाई पनि विश्व व्यापार संगठनमा बहुपक्षिय सम्झौताको रुपमा राखिएको छ ।

## ४ विश्व व्यापार संगठनका कार्यहरु

विश्व व्यापार संगठनका प्रमुख कार्यहरु निम्नानुसार छन् :

क). विश्व भरिका व्यापार सम्वन्धी नीति नियमहरु पारदर्शी बनाउने । हरेक सदस्यले अन्य सदस्यको व्यापार सम्वन्धी कानून एवं नीतिको अग्रीम जानकारी पाउन सक्ने छ ।

ख). सदस्य राष्ट्रहरु वीच व्यापार वार्ताको लागि स्थान उपलव्ध गराउने र सहयोग गर्ने ।

ग). व्यापार सम्वन्धी कुनै विवाद उठेमा त्यसको समाधान गर्ने । कुनै सदस्य राष्ट्रले WTO को कानून नमानेमा मर्का पर्ने सदस्यले WTO को विवाद समाधान निकायमा उजुरी गर्न सक्ने छ । यसवाट गर्न नहुने काम गरेको ठहर भएमा क्षतिपूर्ति समेत तिर्नु पर्ने व्यवस्था छ ।

## ५. WTO का कृषिसंग सम्बन्धित सम्झौताहरु

विश्व व्यापार संगठनको कार्यक्षेत्र व्यापक छ । यसमा कृषि वस्तु, लत्ताकपडा, वैंक, संचार, औद्योगिक वस्तुको गुणस्तर, खाद्य वस्तुको सरसफाई, वौद्धिक सम्पत्ति आदि सबै पर्दछन् । ती मध्ये कृषिसंग बढी सम्वन्धित सम्झौताहरुमा कृषि सम्झौता, कृषि वस्तुको शुद्धता कार्यान्वयन गर्ने सम्झौता, व्यापारको प्राबिधिक अवरोध सम्वन्धी सम्झौता, वौद्धिक सम्पत्तीको अधिकार सम्वन्धी सम्झौता र सेवा व्यापार सम्वन्धी सम्झौता छन् ।

**कृषिसंग (बढी) सम्बन्धित सम्झौताहरु**

**कृषिसंग मात्र सम्बन्धित**

१ कृषि सम्झौता

२ कृषि वस्तुहरुको शुद्धता कार्यान्वयन सम्झौता

**कृषिसंग बढी सम्बन्धित**

३ ब्यापारको प्राबिधिक रोकावट सम्बन्धी सम्झौता

४ वौद्धिक सम्पत्तिको अधिकार सम्बन्धी सम्झौता

५ सेवा ब्यापार सम्बन्धी सम्झौता

अन्य सम्झौताहरुले पनि कुनै न कुनै रुपले कृषि क्षेत्रलाई असर पारेकै हुन्छन् ।

### ५.१ कृषि सम्झौता (Agreement on Agriculture)

यो एउटा बहुपक्षिय सम्झौता हो र विश्व व्यापार संगठनका बहुपक्षिय सम्झौताहरु मध्ये सवै भन्दा बढी विवाद उठेको सम्झौता पनि हो । यसको प्रमुख तीन पहलु छन् :

१ कृषि सम्झौताका तीन पक्षहरु छन्,

१.१ कृषि क्षेत्रमा अनुदान घटाउने,

१.२ वजारमा पहुँच बढाउने

१.३ निर्यातमा दिने अनुदान घटाउने

### क). कृषि क्षेत्रमा अनुदान घटाउने

विकसित र विकासोन्मुख राष्ट्रहरुले कृषि क्षेत्रमा दिंदै आएको अनुदान घटाउनु पर्ने हुन्छ । तर हामी जस्तो अल्प विकसित राष्ट्रले कृषिमा दिई आएको अनुदान घटाउनु पर्ने छैन । नेपालले कृषि उत्पादनमा दिंदै आएको अनुदान यति कम छ कि यसलाई घटाउन कुनै आवश्यक छैन बरु थुप्रै वढाउन सकिने स्थान सुरक्षित छ ।

#### ५.१.१ कृषि क्षेत्रमा अनुदान घटाउने ?

- नेपालको कृषि अनुदान कम छ त्यसैले घटाउनु पर्दैन ।
- कृषि उत्पादन मूल्यको १०% सम्म कृषकहरुलाई सोझै अनुदान दिन सकिन्छ (हाल १.३ %)
- साधन स्रोत कम भएको कृषकहरुलाई जति पनि अनुदान दिन पाइन्छ ।
- पूर्वाधार विकास, अनुसन्धान, प्रविधि प्रसार र गरीब कृषकलाई दिइने अनुदानमा कुनै रोकतोक छैन ।
- हामीसंग बजेटको कमीले गर्दा मात्र अनुदान दिन नसकेको हो ।
- जम्मा कृषि र सिंचाईको बजेट नै कृषि उत्पादन मूल्यको ५% भन्दा कम छ ।
- धनी सदस्यहरुले भने कृषिमा दिईएको अनुदान घटाउनु पर्छ ।

### ख) बजारमा पहुँच बढाउने

हरेक सदस्य राष्ट्रले अन्य राष्ट्रहरुको कृषि उत्पादनलाई आफ्नो देशमा

आउन दिनु पर्छ । यसमा कुनै प्रतिबन्ध वा रोकावट लगाउन पाइदैन । तर तोकिएको (Bound tariff) मा नबढ्ने गरि विदेशी वस्तुमा भन्सार लगाउन पाईन्छ । यो भन्सार दरलाई पनि क्रमशः घटाउँदै जानुपर्ने हुन्छ ।

सबै सदस्य राष्ट्रहरु अति सौविध्य प्राप्त (Most favoured nation) हुन्छन् र कुनै पनि राष्ट्रले एक र अर्को सदस्य राष्ट्र बीच भेदभाव गर्न पाउने छैनन् । आयातित बस्तुलाई भन्सार विन्दुमा आवश्यक परीक्षण गर्न र भन्सार लगाउन पाइन्छ । तर यसरी बिधिवत् देशभित्र प्रबेश गरिसके पछि स्वदेशी उत्पादन र विदेशी उत्पादन विच भने भेदभाव गर्न पाईदैन । तर पनि क्षेत्रिय स्तरमा कुनै साफ्टा (SAFTA) जस्ता व्यापारिक सम्झौता छन् भने त्यसलाई कार्यान्वयन गर्न भने बाधा पर्ने छैन ।

यसरी बजारलाई खुल्ला राख्दा विश्व व्यापार संगठनको कारणले हामीले आफ्नै देश भित्र पनि विदेशी उत्पादनसंग कडा प्रतिस्पर्धा गर्नु पर्नेछ । तर हाम्रो बजार पहिले नै यति धेरै खुला भैसकेको छ कि अब थप खुला गर्नु आवश्यकता नै छैन ।

**५.१.२ बजारमा पहुँच बढाउने**

- आयातमा भन्सार बाहेक अन्य कुनै प्रतिवन्ध लगाउन पाइदैन ।
- तोकिएको भन्दा वढी भन्सार लगाउन पाईदैन ।
- ❖ नेपालले कृषि वस्तुमा लगाई आएको भन्सार सरदर करिव ११ % छ । अब हामीले कृषि बस्तुमा सरदर ५१% सम्म भन्सार लगाउन पाईने छ । (२०६३ पछि सरदर ४२%, बढीमा धान, चामलमा ६०%, दूधमा ५०%, कुखुराको मासुमा ४० %)
- ❖ भन्सार दर बढाएर आन्तरिक कृषि उत्पादनलाई संरक्षण दिन सकिने छ
- तर द्विपक्षिय सम्झौताले गर्दा भारतबाट आयात हुने कच्चा कृषि बस्तुमा भन्सार नलाग्ने व्यबस्था कायमै छ ।
- कृषि सुधार शुल्क हटाउनु पर्ने भएको छ ( २ देखि १० बर्ष भित्रमा)

**ग). निर्यातमा दिने अनुदान घटाउने**

कृषि वस्तुको निर्यातमा राष्ट्रहरुले दिंदै आएको अनुदान कटौती गर्नु पर्ने हुन्छ । तर हाम्रो जस्तो अल्प विकसित देशको लागि यो नियम लागू हुँदैन । साथै ग्रामीण क्षेत्रमा वस्नेको जनजीवनमा सुधार ल्याउन दिइने

अनुदानमा रोक लाग्दैन । त्यसैले दुर्गम क्षेत्रमा उत्पादन हुने कृषि वस्तुलाई सुगम क्षेत्रसम्म ल्याउन ढुवानी अनुदान दिन सकिन्छ ।

### ५.१.३ निर्यातमा दिने अनुदान घटाउने ?

- धनी देशहरुले निर्यातमा अनुदान दिनाले कृषि बस्तुको अन्तराष्ट्रिय मूल्य घटेर हाम्रा कृषकहरुको प्रस्पिर्धी क्षमता कम भएको छ । अब ती देशहरुले निर्यात अनुदान घटाउनु पर्दछ ।
- तर हामीलाई यो नियम लागु हुँदैन ।
- हामीले निर्यातमा पनि अनुदान दिन नपाईने भनेको छैन ।

## ५.२ कृषि वस्तुहरुको शुद्धता सम्वन्धी सम्झौता
(Agreement on Sanitary and Phytosanitary Measures)

यस सम्झौताले बोटबिरुवा, जनावर र मानिसको स्वास्थ्य र जीवन रक्षाको लागि आवश्यक कानून बनाउने अधिकार सदस्य राष्ट्रहरुलाई दिएको छ । विदेशवाट कुनै कृषिजन्य वस्तुको आयात गर्दा हाम्रो देशको

### ५.२. कृषि वस्तुहरुको शुद्धता सम्वन्धी सम्झौता (SPS)

- कृषिजन्य वस्तुको आयात गर्दा हाम्रा विरुवा, जनावर र मानिसको स्वास्थ्य र जीवनमा नकरात्मक असर पर्छ भन्ने प्रमाणित भएमा त्यस्ता वस्तु प्रतिवन्ध लगाउन सकिन्छ ।
- यसरी प्रतिवन्ध लगाउनको लागि कानून, वस्तुको जाँचको लागि दक्ष जनशक्ति र राम्रो प्रयोगशालाको आवश्यकता पर्दछ ।
- कृषि वस्तुको निकासी गर्दा पनि यस्ता बस्तुहरुमा नकारात्मक असर नपार्ने हुनु पर्दछ
- विषादी तथा अनियन्त्रित रुपमा पशु औषधिहरु प्रयोग गरि उत्पादन गरेको कृषिवस्तु निर्यात हुन सक्दैन ।

यो नियम हामीले २०६३ पौष सम्ममा लागु गरिसक्नु पर्दछ ।

वोट विरुवा, जनावर र मानिसको स्वास्थ्य  र जीवनमा नकरात्मक असर पर्छ भन्ने प्रमाणित भएमा त्यस्ता वस्तु ल्याउनमा प्रतिवन्ध लगाउन सकिन्छ । यसरी प्रतिवन्ध लगाउनको लागि हामीले आवश्यक कानून वनाउनु पर्ने हुन्छ र वस्तुको जाँचको लागि दक्ष जनशक्ति र राम्रो प्रयोगशालाको आवश्यकता पर्दछ ।

हामीले कुनै पनि कृषि वस्तुको निकासी गरि विदेश पठाउँदा त्यो देशको बोट बिरुवा, जनावर र मानिसको स्वास्थ्य र जीवनमा नकारात्मक असर नपर्ने हुनु पर्दछ । त्यसैले हामीले रोग किरा नाशक विषादीहरु बढी राखी उत्पादन गरेको वस्तु विदेश पठाउन सकिने देखिंदैन ।

अन्य राष्ट्रहरुको बजार हामीलाई समेत खुल्ला हुने भएकोले हामीले उत्पादन गरेको उच्च स्तरका बस्तु ती देशहरुमा पनि पठाउन सकिने देखिन्छ । विश्व व्यापार संगठनका विकसित मुलुकहरुले अल्पविकसित मुलुकहरुलाई दिने बिना भन्सार बिना कोटाको बजार प्रवेशले नेपाल जस्ता अल्पविकसित मुलुकका उत्पादनलाई पनि बढी वजार र बढी प्रर्तिस्पर्धी बनाएको छ  तर यसरी वजारमा प्रवेश पाउन सामानहरुको गुणस्तर ती राष्ट्रहरुको लागि स्वीकार्य हुनु पर्दछ ।

## ५.३ ब्यापारमा प्राबिधिक अबरोधहरु सम्वन्धी सम्झौता
(Agreement on Technical Barriers to Trade)

कृषि वस्तुको शुद्धता सम्वन्धी सम्झौताले नसमेटेका कुराहरु व्यापारमा प्राविधिक अवरोध सम्वन्धी सम्झौता (TBT) ले समेट्छ । कुनै वस्तुको गुणस्तर कम छ, प्याकिङ राम्रो छैन, लेवलिङ राम्रो छैन भने त्यसले स्वास्थ्यमा हानी, नोक्सान नगर्ने भए तापनि आयात हुनवाट रोक्न सकिन्छ । तर यसरी आयात रोक्नको लागि त्यस्ता कम गुणस्तरका वस्तु आफ्नो देश भित्र उत्पादन नहुने कुरा पक्का हुनु पर्दछ

> **५.३ ब्यापारमा प्राबिधिक अबरोधहरु (TBT**
>
> मानिसको स्वास्थ्यमा असर नपरे पनि अन्य गुणस्तरको कारणले आयातलाई रोक्न सकिन्छ र निर्यात पनि रोकिन सक्छ । ती प्राविधिक कुराहरु
>
> - बस्तुको गुणस्तर,
> - नाप, तौल, रङ्ग
> - प्याकिङ्ग
> - लेबल लगाउने
> - उत्पादन मिति
> - उपभोग गरिसक्नुपर्ने मिति
> - उत्पादन गरेको तरिका
> - उत्पादनले वातावरणमा पारेको प्रभाव, आदि

## ५.४ बौद्धिक सम्पत्तीको अधिकार सम्वन्धी सम्भौता

(Agreement on Trade Related Aspects of Intellectual Property Rights, TRIPS)

पहिलेदेखि नै हामीले जग्गा जमिन माथिको स्वामित्व, घरको स्वामित्व, आफूले पालेका पशुपंक्षी माथिको स्वामित्व र आफूले बनाएका/किनेका वस्तुहरुको स्वामित्व आफूले पाएकोमा अव आफनो वुद्धिले कुनै नयाँ विधी वा वस्तु उत्पादन गऱ्यौ भने त्यसमा पनि स्वामित्व पाइन्छ । उदाहरणको लागि गाँउको वैद्यले जडिवुटीवाट औषधी वनाउन जानेको छ । अहिले सम्म उसले यसरी औषधी वनाएर वेच्ने गरेको छ र त्यो औषधी बनाउने तरिका उसले धेरैलाई सिकाउन चाँहदैन । अव उसले जानेको औषधी बनाउने तरिकालाई आफनो नाममा दर्ता गर्न सक्छ । यसरी दर्ता भएको विधिवाट अरु कसैले औषधी बनाउन चाहेमा दर्ता गर्ने वैद्यले रोयल्टी रकम प्राप्त गर्दछ । त्यसै गरि कुनै वैज्ञानिकले नयाँ वीउ बिजन बनायो भने उसले त्यो वीउ, बिजन प्रयोग कर्तावाट रोयल्टी रकम प्राप्त गर्न सक्छ । बौद्धिक सम्पत्ती सम्वन्धि सम्भौताको दफा २७ (३) b ले प्रजनन्कर्ता (Breeder) ले उत्पादन गरेको वीउ बिजन उपर कानूनी संरक्षण दिनु पर्ने ब्यवस्था गरेको छ । यसले वीउको मूल्य वढ्ने सम्भावना बढी छ । तर धेरै वैज्ञानिकहरुले नयाँ वीउ, बिजन बनाउने प्रयास गर्ने भएकोले वीउ छानेर किन्न पाइने हुन्छ । यसरी छानी छानी राम्रो वीउ प्रयोग गर्दा उत्पादन बढ्ने भएकोले महँगो वीउ किन्न परेतापनि कृषकहरुलाई पनि फाइदा नै हुने देखिन्छ ।

तर, कृषकहरुले नै शताब्दिऔं देखि संरक्षण गरि राखिएको बोट बिरुवा र पशुपंक्षीमा केहि अणुवंशिक हेरफेर गरेर कृषकहरुलाई नै चर्को मूल्यमा बेच्नु अन्याय हुनजान्छ । हामीलाई सबै भन्दा बढी नकारात्मक असर पार्न सक्ने सम्भौता वौद्धिक सम्पत्तिको अधिकार सम्बन्धी सम्भौता हो । हाम्रा अधिकांश वौद्धिक सम्पत्तिहरु अनौपचारिक छन् । विश्व व्यापार संगठनले औपचारिक अनुसन्धानबाट प्राप्त ज्ञानलाई मात्र मान्यता दिन्छ । WTO भन्दा पहिले नै आएका जैविक विविधता सम्बन्धी महासन्धि १९९२ (Convention on Biological Diversity, CBD) ले कृषकसंग भएको परम्परागत् ज्ञानलाई पनि मान्यता दिएको छ । तर WTO ले यसलाई मान्यता दिएको छैन ।

नेपाली कृषकहरु धेरै मिहेनती छन् । पुर्खाको पालादेखिका बालीनाली र बस्तुभाउहरु उनीहरुले संरक्षण गर्दै आएका छन् । परम्परगत रुपले धेरै राम्रा ज्ञान एवं प्रविधिहरुको जगेर्ना गरेका पनि छन् । तर बदलिंदो अन्तराष्ट्रिय परिस्थिति र विश्व व्यापार संगठनको जिउँदो बिरुवा तथा पशुहरुमा समेत केही वंशाणुगत् सुधार गरि पेटेन्ट (Patent) गर्न सक्ने अधिकारको कारण हाम्रा पिता पुर्खाले संरक्षण गरि राखेका वंशाणुगत सम्पत्ति अरु कसैले दर्ता गरि सक्ने त हैन भन्ने डर छ । अर्को तर्फ उन्नत जातका बाली तथा पशुहरुको प्रवेशले गर्दा स्थानीय बाली तथा पशुहरु लोप हुने क्रममा रहेका छन् । नेपालमा कृषि जैविक विविधता धेरै छन् । त्यसलाई संरक्षण गर्नु हामी सबैको दायित्व हो र त्यसलाई प्रयोग गरि जन जीवनमा सुधार ल्याउनु हाम्रो अधिकार पनि हो ।

## ५.५ सेवा व्यापार सम्वन्धी सामान्य सम्झौता

(General Agreement on Trade in Services, GATS)

यो सम्झौताले तोकिएका सेवा क्षेत्रलाई वैदेशिक लगानीको लागि खुल्ला गर्दछ । खुल्ला गरिएको सेवा क्षेत्रमा तोकिएको शर्तमा वैदेशिक लगानी भित्रिन सक्छ । WTO को सदस्य हुँदा नेपालले ७४

**५.५ केही सेवाक्षेत्रहरु बैदेशिक लगानीको लागि खुल्ला**
कृषिसंग खास सम्बन्धित सेवाहरु

- पशु चिकित्सा सेवा र
- प्राबिधिक परीक्षण र बिश्लेषण सेवा (माटो परीक्षण, खाद्य परीक्षण)

यी सेवामा बैदेशिक लगानी बढ्न सक्ने सम्भावना छ ।

सेवाक्षेत्र/उपक्षेत्र खुल्ला गरेको भएता पनि कृषिसंग सम्वन्धित दुई क्षेत्रहरु मात्र छन् ।

(क) पशु चिकित्सा सेवा, र

(ख) प्रविधिक परीक्षंण र विश्लेषण सेवा

यी खुल्ला गरिएका सेवाहरुमा वैदेशिक लगानी बढ्न सक्ने आशा छ । वैदेशिक लगानीकर्ताले नेपाली लगानीकर्ताहरुसंग मिलेर लगानी गर्नु पर्ने भएकोले यी सेवा क्षेत्रहरुमा स्वदेशी निजी क्षेत्रको लगानी समेत बढी

कृषक एवं उद्यमीलाई सेवा सुलभ हुने आशा गर्न सकिन्छ ।

## ६. कृषिमा पर्न सक्ने जोखिमहरु र त्यसलाई कम गर्न थालिएका प्रयासहरु

WTO का कतिपय प्रावधानहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि क्षेत्रलाई प्रभाव पारेकै हुन्छ । त्यो प्रभाव राम्रो हुन्छ कि नराम्रो भन्ने कुरा हाम्रो अवस्थामा भर पर्दछ । साथै त्यो प्रभाव कत्तिको सम्वेदनशील हुन्छ भन्ने कुरा हाम्रो तयारीमा भर पर्दछ । अब हामी सम्भाव्य राम्रा एवं नराम्रा प्रभावहरु र त्यसका लागि हामीले गरेका र गर्न पर्ने तयारीहरुका बारेमा निम्न बुँदाहरुमा छलफल गर्छौं ।

६.१ बौद्धिक सम्पत्ति माथिको अधिकारले गर्दा उन्नत वीउ बिजन, उन्नत नश्ल र प्रविधिको मूल्य बढ्न सक्छ । यसवाट कृषकलाई पर्न सक्ने प्रभावलाई कम गर्न कृषकको अधिकार समेतलाई समेटी कानून बनाउने प्रयास भैरहेको छ ।

६.२ जिउँदो बिरुवा तथा पशुहरुमा समेत केही वंशाणुगत सुधार गरि पेटेन्ट गर्न सक्ने अधिकारको कारण हाम्रा पिता पुर्खाले संरक्षण गरि राखेका वंशाणुगत सम्पत्ती चोरी हुने डर छ । हाम्रा परम्परागत ज्ञानको लेखाजोखा नभएकाले त्यस्तो ज्ञान पनि चोरी हुन सक्छ । यस्ता सम्पत्ति र ज्ञानको दर्ता गर्ने यदाकदा प्रयासहरु भएका पनि छन् तर त्यस्ता दर्ता किताबहरुलाई संरक्षण दिने कानूनी ब्यवस्था नभएसम्म यसरी दर्ता गर्नु झन् खतरनाक हुन सक्छ । बाली, पशुपंक्षी तथा घाँसको अनुवांशिक स्रोतको संरक्षण र सम्बर्द्धन गरी समुचित उपयोग गर्ने नीति बनाउने प्रयास भैरहेको छ । कृषकको र जात प्रजनन्कर्ताको अधिकार संरक्षणको लागि हाम्रो आफ्नै अवस्था सुहाउँदो मौलिक पद्धतिको कानून बनाउन आवश्यक छ । तर बिरुवाको जात सम्बन्धी अधिकार संरक्षण गर्न पेटेन्ट नगर्ने नीति लिईएको छ । कृषकले आफूले उत्पादन गरेको वीउ लगायतका कुनै पनि बस्तुलाई प्रयोग गर्ने, बेचबिखन गर्ने, संचयन गर्ने, वीउको पुनः प्रयोग गर्ने वा सट्टापट्टा गर्ने अधिकार सुरक्षित हुनु पर्दछ भन्ने पक्षमा प्रयास जारी छ ।

प्रजननकर्ताले नयाँ जातको प्रजनन् गर्दा आवश्यक पर्ने बंशाणुगत् पदार्थहरु कृषकले संरक्षण गर्दै आएको बोट, बिरुवा वा वीउबाट नै प्राप्त गर्ने हुँदा त्यस्तो बस्तु जुन कृषक वा समुदायबाट प्राप्त

गरिएको हो उनीहरुलाई समेत फाईदामा हिस्सेदार बनाउने व्यबस्था गरिदै छ । साथै प्रजननकर्ताले तयार गरि बिक्रीवितरण गरिएको जात खेती गर्दा उक्त जात राम्रो नभएकै कारणबाट कृषकलाई कुनै हानी नोक्सानी भएमा क्षतिपूर्तिको व्यबस्था गर्ने तर्फ पनि तयारी भैरहेको छ ।

परम्परागत रुपमा विभिन्न जाति तथा जनजातिहरुले अपनाई आएको खेती, पशुपालन, वाली संरक्षण, खाद्य संरक्षण सम्वन्धी ज्ञानको अध्ययन र अनुसन्धान गरी उपयुक्त प्रविधिलाई वढावा दिने र परम्परागत स्थानीय प्रविधिहरुको विकास तथा विस्तारमा सहभागितात्मक कार्यको आवश्यकता महसुस भएको छ । अव हामीले

(क) स्थानीय बाली एवं पशुपंक्षी र परम्परागत् ज्ञानको संरक्षण र अभिलेखिकरण गरि हक दाबी गर्न सक्ने हुनु पर्दछ ।

(ख) वंशाणुगत परिबर्तन गरि उत्पादन गरिएका जीवित पशुपंक्षी तथा बनस्पती र त्यसका उत्पादनहरुको खरिद एबं प्रयोग नगर्ने ।

(ग) विभिन्न क्षेत्रमा उत्पादन हुने बीउ बिजनको अभिलेख राख्नुका साथै यसको परिष्कृत संस्करणको विकास तथा प्रचारप्रसार गर्न लगाइनेछ । Genetically Modified Organism (GMO) को उत्पादन र आयतलाई नियमित गरिने छ ।

(घ) खाद्यान्न उत्पादन, बागवानी एवं पशुपालन जस्ता क्षेत्रहरूमा दिगो उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न कृषि जैविक विविधता संरक्षण तथा जैविक प्रविधिको प्रयोग प्रबर्द्धनका लागि अध्ययन अनुसन्धानका साथै उपयोग गर्न निजी क्षेत्र समेतलाई प्रोत्साहित गरिनेछ । कृषि जैविक विविधताको पञ्जीकृत गरी त्यस्ता कृषि जैविक विविधता सम्बन्धित सम्पदाको अधिकारलाई स्थापित गर्दै लगिनेछ ।

(ङ) स्थानीय तहबाटै आवश्यक वीउ बिजन उपलव्ध गराउन स्रोतकेन्द्र विकास गर्ने ।

(च) पेटेन्ट अधिकार भएका विदेशी वीउ बिजनको खरिद एबं प्रयोग नगर्ने ।

६.३ आन्तरिक उत्पादनले आयातसंग प्रतिस्पर्धा गर्नुपर्ने हुँदा हाम्रा कतिपय उत्पादनहरु कम प्रतिस्पर्धी हुन सक्छन् । यसवाट वच्नको लागि कृषि वस्तुको आयातमा भन्सार वढाउने र कृषकहरुलाई अनुदान लगायतका सुविधाहरु दिन सकिने स्थान सुरक्षित छ ।

६.४ तर निर्यात गर्दा बोट बिरुवा, जनावर र मानिसको स्वास्थ्य एवं जीवनमा नकारात्मक असर नपर्ने भन्ने पक्का हुनु पर्छ । त्यसैले कृषिजन्य उपज र प्रशोधित खाद्य पदार्थको निर्यात प्रबर्द्धनमा गुणस्तर कायम राख्न अति आवश्यक छ। यसका लागि गुणस्तर नियन्त्रण र राम्रो गुणस्तरको उत्पादनहरुको गुणस्तर प्रमाणिकरण सम्वन्धी तयारी कार्यहरु भैरहेका छन् । क्वारेन्टाइन सुधारको कार्यक्रमहरु पनि संचालन गरिएका छन् ।

समग्रमा भन्दा WTO वाट पर्न सक्ने कुनै पनि जोखिमवाट वच्ने उपायहरु छन् । त्यस्ता व्यबस्थाहरुलाई प्रयोगमा ल्याउन हामीले तयारी गर्नु पर्दछ ।

## ७. कृषिमा प्राप्त हुने अवसरहरु र त्यसलाई सदुपयोग गर्ने उपायहरु

### ७.१ बिना भन्सार प्रवेश पाउने

अल्पविकसित सदस्यहरूको उत्पादन विकसित सदस्य राष्ट्रहरूको बजारमा बिना भन्सार प्रवेश पाउने छन्। तर हामीले कुनै पनि कृषि वस्तुको निकासी गरी विदेश पठाउँदा त्यो देशको बोटबिरुवा, जनावर र मानिसको स्वास्थ्य र जीवनमा नकारात्मक असर नपर्ने हुनु पर्दछ। त्यसैले हामीले रोग र कीटनाशक विषादीहरू तथा अनियन्त्रित रूपमा पशु औषधिहरू प्रयोग गरी उत्पादन गरेको कृषिवस्तु निर्यात गर्न सकिने अवस्था देखिंदैन। वस्तुको गुणस्तर तथा प्यकिङ्गमा बढी ध्यान दिनुपर्ने हुन्छ ।

७.२ धनी देशको उत्पादन महंगो हुने हुँदा हाम्रा उत्पादनले प्रतिस्पर्धा गर्न सक्नेछ । धनी सदस्य राष्ट्रहरुले कृषिमा दिदै आएको अनुदान घटाउनु पर्ने हुन्छ । यसैले कृषि वस्तुको अन्तराष्ट्रिय मूल्य वढ्ने छ । यसवाट हाम्रा कृषकहरुले लाभ उठाउन सक्नेछन् ।

७.३ हाम्रा नीति नियमहरु पारदर्शी हुने भएकोले कृषि क्षेत्रमा आन्तरिक एवं बैदेशिक लगानी बृद्धि हुन सक्ने सम्भावना छ । यसले सरकारहरुलाई व्यापार तथा लगानी सम्बन्धी मामलामा अनुशासनमा ल्याउँछ । यसले गर्दा लगानी बढ्न सक्ने सम्भावनाको साथै विकासको गति तीव्र पार्ने छ । व्यापार र लगानी सम्वन्धी नीति स्थिर एवं पारदर्शी भएमा निजी क्षेत्रले कृषिमा लगानी गर्ने वातावरण तयार हुने छ । यसवाट कृषिको व्यवसायीकरण गर्न पनि सहयोग पुग्ने देखिन्छ ।

७.४ अन्य राष्ट्रहरुको बजार हामीलाई समेत खुल्ला हुने भएकोले हामीले उत्पादन गरेको उच्चस्तरका बस्तुहरु ती देशहरुमा पनि पठाउन सकिने छ । यसका लागि उत्पादनमा बृद्धि र गुणस्तरमा सुधार आवश्यक छ । जस्तैः

(क) तुलनात्मक लाभ लिनसक्ने वस्तुको निर्यातमुखी उत्पादन एवं प्रशोधनमा लगानी बढाउने ।

(ख) कृषि उत्पादन र प्रशोधनको गुणस्तरमा सुधार गर्ने ।

(ग) कृषि उत्पादन लागत घटाउने उपायको खोजी ।

(घ) स्वदेशी कच्चा पदार्थमा आधारित कृषि एवं पशुपंक्षीजन्य उद्योगमा निजी क्षेत्रको लगानी आकर्षित गरि निर्यात प्रवर्द्धन गर्न कृषि एबं पशुपंक्षीजन्य पदार्थ ओसारपसारमा लाग्ने स्थानीय कर र मूल्य अभिवृद्धि कर छुट गर्ने ।

(ङ) वस्तुको निर्यातमा कर हैन सुबिधा दिने गर्नु पर्दछ ।

(च) नेपालले विश्व व्यापार संगठनमा प्रवेश गर्ने सन्दर्भमा कृषिजन्य उपज र प्रशोधित खाद्य पदार्थको निर्यात प्रवर्द्धनमा प्रतिस्पर्धात्मक गुणस्तर कायम राख्न गुणस्तर प्रबर्द्धन सम्बन्धी अनुसन्धान तथा प्रयोगशाला संयन्त्रलाई सुदृढ गर्नु पर्नेछ ।

(छ) निकासी योग्य कृषि/पशुजन्य वस्तुको व्यवसायिक उत्पादनमा वृद्धि गर्न वस्तु विशेष नीति (Commodity Policy) अवलम्बन गरी निजी क्षेत्रलाई बढी सहभागी हुने अवस्था प्रदान गरिनेछ । निर्यात प्रबर्द्धन गर्न विश्व व्यापार संगठनको प्रावधान अनुरूप खाद्य संहिता तयार गरी लागू

गरिनेछ र गुणस्तर निर्धारण, प्रमाणीकरण एवं नियमन कार्यलाई प्रभावकारी र सहज बनाइनेछ ।

## ८ कृषिमा लगानीका अवसरहरु

कृषि क्षेत्रको व्यवसायिकरणको लागि नीजि क्षेत्रको लगानी आकृष्ट गर्नु जरुरी छ । निजी क्षेत्रले मूख्यतय निम्न क्षेत्रहरुमा लगानी गरि नाफा लिन सक्छन् ।

(क) कृषि उत्पादन सामाग्रीको उत्पादन, बिक्री वितरण (मल, वीउ, यन्त्र औजार)
(ख) कृषि वस्तु उत्पादन (पशुजन्य, तरकारी, फलफूल, अन्य)
(ग) कृषि उत्पादनको संकलन, सफा गर्ने, ग्रेडिङ, प्याकिङ
(घ) कृषि उत्पादनको प्रशोधन (मासु, दूध, तरकारी, फलफूल, अन्य)
(ङ) कृषि उत्पादनको निर्यात व्यापार
(च) कृषि उत्पादनको गुण नियन्त्रण सेवा (प्रयोगशाला, प्राविधिक सेवा)

## ९. आन्तरिक, क्षेत्रिय एवं अन्तराष्ट्रिय वजारमा प्रतिस्पर्धी हुन सक्ने प्रमुख कृषि उत्पादनहरु

| आन्तरिक बजार | क्षेत्रिय बजार | अन्य देशको बजार |
|---|---|---|
| भेडा, बाखा, बंगुर, बँदेल कुखुरा, स्थानीय कुखुरा | कुखुरा, स्थानीय कुखुरा | |
| दूध, दहि, महि, नौनी | घिउ, | चिज, मह, रेशम |
| आलु, प्याज, बन्दा, काउली, गोलभेडा, केराउ, सिमी, च्याउ, सकरखण्ड | वीउ आलु, गोलभेडा, लसुन, कुरिलो, भेडे खुर्सानी, काको | अर्गानिक तरकारीहरु सुकाएको तरकारी, सुकाएको च्याउ |

| आन्तरिक बजार | क्षेत्रिय बजार | अन्य देशको बजार |
|---|---|---|
| ओखर, एप्रिकट, आरु, आरुबखडा, स्ट्रबेरी, स्याउ, केरा, भूईंकटहर, अम्बा, आँप, कागती, अंगुर, मेवा, खरबुजा | एभोकाडो, नासपती, सुन्तला, जुनार, किन्नो | |
| धनिया, घाँसको वीउ, बदाम, उखु, सुर्ती | खुर्सानी, अलैची, अदुवा, बेसार, गहुँ, जुट, तरकारीको वीउ मुसुरो, जडीवूटी, | कफी, चिया, अदुवा, बासमती चामल, तिते फापर, मुसुरो अलंकारिक विरुवा, फूल, अप्रशोधित चिनी |

## १०. निष्कर्ष

संगठनको सिद्धान्त र कृषिसंग सम्वन्धित सम्झौताको प्रावधान अनुरुप नेपालको कृषि क्षेत्रलाई नकारात्मक असर पुग्ने छैन । संगठनका प्रावधानहरुले नेपालको वर्तमान अनुदान व्यवस्था कायमै राख्न दिने र बढाउन समेत सकिने हुँदा नकारात्मक स्थिति देखिदैन । बरु प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न सकिएमा कृषिजन्य उत्पादन लगायतका नेपाली वस्तुहरुले विकसित र विकासोन्मुख मुलुकहरुका बजार पाउने छन् ।

कृषि बस्तुको शुद्धता सम्वन्धी प्राविधिक मापदण्डको स्थिति भने नेपालमा कमजोर रहेकोले अन्तर्राष्ट्रियस्तरको मापदण्ड अनुरुप गर्न नसकिए नेपाली वस्तुहरुले निर्यात बजार पाउन गाह्रो हुनेछ । तर यस क्षेत्रमा अन्तर्राष्ट्रिय गुणस्तर लगायतका संस्था तथा निकायहरुवाट नेपालले सहयोग लिन सक्ने सम्भावना पनि रहेको छ ।

निष्कर्षमा भन्नु पर्दा WTO मा नेपालको प्रवेशवाट कृषि क्षेत्रमा त्यति ठूलो कुनै समस्या आउने देखिदैन । यसवाट फाइदा लिन सकिने थुप्रै सम्भावनाहरु छन् । तर फाइदा लिनको लागि हामीले धेरै तयारीहरु भने गर्नु पर्ने छ ।

## सर्न्दभ सामाग्री


१. **विश्व व्यापार संगठन १९९५ उरुग्वे चरणको परिणाम, सम्झौताको कानूनी स्वरुप ।**

२. **विश्व व्यापार संगठन** २००३, Understanding WTO

३. **विश्व व्यापार संगठनको वेब साइट** www.wto.org